**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीलाई अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले टेलिफोन गर्नुभयो र पश्चिम एसियाको स्थिति बारे चर्चा गर्नुभयो।

- प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसिया संघर्षको सम्भावित दीर्घकालीन प्रभावहरूको सामना गर्न सात सशक्त-समूह गठनको घोषणा गर्नुभएको छ।

- एयर इंडिया र एयर इंडिया एक्सप्रेसले आज पश्चिम एशिया क्षेत्रका लागि 26 निर्धारित र विशेष उड़ानहरुको संचालन गर्नेछन्।

- गुजरात विधानसभाले समान नागरिक संहिता- **यूसीसी** विधेयक पारित गरेको छ।

- नयाँ दिल्लीमा आज देखि 31 मार्च सम्म पहिलो पल्ट अन्तर्राष्ट्रिय फिल्म महोत्सवको आयोजन भारत मण्डपममा भईरहेको छ।

- छत्तीसगढमा आज **पहिलो खेलो इंडिया जनजातीय खेल** सुरु हुनेछ। यो खेल 3 अप्रैलसम्म चल्नेछ।

**प्रधानमंत्री-ट्रम्प**

प्रधानमन्त्री नरेन्द्र मोदीलाई हिजो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टेलिफोन गर्नुभयो र पश्चिम एसियाको स्थिति बारे चर्चा गर्नुभयो। सोशल मीडिया पोस्टमा प्रधानमन्त्री मोदीले भन्नुभयो। वार्ताको क्रममा उहाँहरूले पश्चिम एसियाको स्थिति बारे विचार-विमर्श गर्नुभयो।साथै भारतले तनाव कम गर्ने र चाँडो भन्दा चाँडो शान्ति बहालको समर्थन पनि गर्‍यो। दुवै नेताले होर्मुज जलडमरूमध्य खुला, सुरक्षित र पहुँचयोग्य कायम राख्नु सम्पूर्ण विश्वको लागि अत्यंत आवश्यक छ भन्ने कुरामा जोड दिनु भयो। उहाँले थप भन्न भयो दुवै देश शान्ति र स्थिरताको प्रयासका लागि सम्पर्कमा रहन पनि सहमत भएका छन्।

**प्रधानमंत्री - श्रीलंका राष्ट्रपति**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेसित टेलिफोनमा वार्ता गर्नुभयो। सोशल मीडिया पोस्टमा प्रधानमन्त्री मोदीले पश्चिम एसियाको परिवर्तित स्थिति बारे चर्चा गर्नुभयो उहाँले वैश्विक ऊर्जा सुरक्षालाई प्रभावित गर्ने बाधाहरूमा विशेष ध्यान दिईको बताउनु भयो। दुवै नेताले भारत-श्रीलंका ऊर्जा सहयोगलाई मजबूत गर्न र क्षेत्रीय सुरक्षालाई बढ़ाउने उद्देश्यले गरिएको प्रमुख पहलको प्रगति बारे समीक्षा गर्नुभयो। यस अतिरिक्त, प्रधानमन्त्री मोदीले भन्नुभयो भारत र श्रीलंकाले साझा चुनौतीहरुको सामना गर्न मिलेर काम गर्ने प्रतिबद्धता दोहराएका छन्।

**प्रधानमन्त्री राज्यसभा संबोधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एसिया संघर्षको सम्भावित दीर्घकालीन प्रभावहरूको सामना गर्न सात सशक्त-समूह गठनको घोषणा गर्नुभएको छ, र राज्यहरूलाई यस संकटबाट बच्न 'टीम इन्डिया' भावनाका साथ केन्द्रसित काम गर्न आग्रह गर्नुभएको छ। "युद्धका गम्भीर दुष्प्रभाव बारे उल्लेख गर्दै श्री मोदीले भन्नुभयो सात सशक्त-समूहले युद्धको परिणामहरूको समाधन गर्नेछ र इन्धन, उर्वरक, ग्यास, आपूर्ति शृङ्खला तथा महंगाई मा रणनीतिहरू तयार गर्नेछ। राज्यसभामा दिईएको एक बयानमा, प्रधानमन्त्रीले पश्चिम एसियामा शान्ति बहालीका लागि संवाद र कूटनीति नै एक मात्र समाधान हो भन्ने भारतको अडान स्पष्ट पार्नुभयो। श्री मोदीले यो पनि भन्नुभयो भारत तनाव कम गर्न इरान, इजरायल र अमेरिका लगायत सबै पक्षहरूसित लगातार सम्पर्कमा छ। काँचो तेल, ग्यास र उर्वरक लगायतका आवश्यक वस्तुहरूको आपूर्तिको सन्दर्भमा यस युद्धले भारतलाई निम्त्याउने अभूतपूर्व चुनौतीहरूलाई स्वीकार गर्दै, प्रधानमन्त्रीले भविष्यमा "आत्मनिर्भरता नै एक मात्र विकल्प हो" भन्नुभयो। परिवर्तनशील परिस्थितिलाई स्वीकार गर्दै प्रधानमन्त्रीले नागरिकहरूलाई कुनै पनि परिस्थितिको लागि तयार रहन आह्वान गर्नुभएको छ। विश्वभरि युद्धका कारण उत्पन्न गम्भीर ऊर्जा संकटको उल्लेख गर्दै, श्री मोदीले परिस्थितिको फाइदा उठाउने असामाजिक तत्वहरू विरुद्ध चेतावनी दिँदै राज्य सरकारहरूलाई कालोबजारी र जमाखोरीको जाँच गर्न भन्नुभएको छ।श्री मोदीले भन्नुभयो यस्तो गम्भीर परिस्थितिमा, संसदको यस उच्च सदनबाट शान्ति र संवादको एकजुट सन्देश सम्पूर्ण विश्वमा पुग्न आवश्यक छ।उहाँले सरकार सबै उपलब्ध स्रोतहरूबाट ग्यास र काँचो तेल खरिद गर्न प्रयासरत रहेको आश्वासन दिनुभयो।उहाँले आगामी दिनहरूमा आम जनता यस संकटबाट प्रभावित नहोस भन्ने कुरा सुनिश्चित गर्न प्रयास जारी रहने पनि बताउनु भयो।

**पश्चिम एशिया - दैनिक ब्रीफिंग**

सरकारले देशमा पेट्रोल र डिजेलको पर्याप्त भण्डार रहेको र एलपीजीको घरेलु उत्पादन बढाइएको र सबै संयंत्र पूर्ण क्षमतामा सञ्चालन भइरहेको आश्वासन दिएको छ।नयाँ दिल्लीमा पश्चिम एसियामा हालैका घटनाक्रमहरू बारे अन्तर-मन्त्रालयीय ब्रीफिंगलाई सम्बोधित गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले नागरिकहरूलाई अफवाहहरूमा विश्वास नगर्न र हतारमा खरीददारीबाट बच्न आग्रह गर्नुभयो।

**(सुजाता शर्मा द्वारा रिपोर्ट)**

पत्तन, पोत परिवहन तथा जलमार्ग मन्त्रालयका विशेष सचिव राजेश कुमार सिन्हाले कुनै पनि बन्दरगाहमा भीडभाड नभएको र सरकारले समुद्री व्यापारलाई निर्बाध रुपमा सुनिश्चित गर्न हरसम्भव प्रयास गरिरहेको दोहोऱ्याउनुभयो। उहाँले दुई भारतीय ध्वज धारित एलपीजी वाहक - **पाइन ग्यास**, 45 हजार मेट्रिक टन एलपीजी र **जग वसन्त** - लगभग 47 हजार 600 मेट्रिक टन एलपीजी सहित सुरक्षित रूपमा होर्मुज जलडमरूमध्य पार गरी देशतर्फ अघि बढिरहेका छन्।

**(राजेश कुमार सिन्हा द्वारा रिपोर्ट)**

विदेश मन्त्रालयका अतिरिक्त सचिव (खाडी) असीम आर. महाजनले 28 फरवरी देखि खाडी क्षेत्रबाट लगभग 4 लाख 2 हजार यात्री भारत फर्किएको बताउनु भयो। उहाँले भन्नुभयो आज संयुक्त अरब अमीरात विमानस्थलबाट भारतका लागि लगभग 85 उडानहरू सञ्चालन हुने अपेक्षा गरिएको छ।

**एयर इंडिया - पश्चिम एशिया**

एयर इंडिया र एयर इंडिया एक्सप्रेसले आज पश्चिम एशिया क्षेत्रका लागि 26 निर्धारित र विशेष उड़ानहरुको संचालन गर्नेछन्। एयर इन्डियाले सोशल मीडिया पोस्टमा भनेको छ दुबै एयरलाइन्सले जेद्दाको लागि आफ्नो निर्धारित सेवाहरू जारी राख्नेछन् र भारत र जेद्दाह बीच कुल 8 उडानहरू सञ्चालन गरिनेछ।यस बाहेक, एयर इन्डिया एक्सप्रेसले मस्कटका लागि दिल्ली

र मुम्बईबाट आउने-जाने 4 निर्धारित उडानहरू सञ्चालन गर्नेछ।

## गुजरात UCC

गुजरात विधानसभाले सात घण्टाभन्दा बढी समयसम्म चलेको बहसपछि हिजो बहुमतले **समान नागरिक संहिता** (UCC) विधेयक पारित गर्‍यो। विधेयकले धर्मको पर्वाह नगरी विवाह, तलाक, उत्तराधिकार र लिभ-इन रिलेशनशिपलाई नियन्त्रण गर्न एकरूप कानुनी ढाँचा प्रस्ताव गर्दछ। राज्य सरकारले नियुक्त गरेको PANC ले आफ्नो अन्तिम प्रतिवेदन पेश गरेको एक हप्तापछि हिज बिहान गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले सदनमा विधेयक पेश गर्नुभयो।

विधेयक पारित भएसँगै, गुजरात उत्तराखण्ड पछि UCC लागू गर्ने देशको दोस्रो राज्य बनेको छ। फेब्रुअरी २०२४ मा उत्तराखण्डले UCC विधेयक पारित गरेको थियो।

## दिल्ली मुख्यमन्त्री बजेट

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले २०२६-२७ को बजेट प्रस्तुत गर्नुहुदै, सरकारले नीति आयोगको मोडेलमा नयाँ थिंक ट्याङ्क - **दिल्ली इंस्टीट्यूशनल थिंक ट्याङ्क** (DITI) - स्थापना गर्ने घोषणा गर्नुभयो। उहाँले शहरलाई उन्नत प्रविधि र उत्पादनको केन्द्रको रूपमा स्थापित गर्न नयाँ सेमीकंडक्टर र ड्रोन नीतिहरू पनि ल्याइने बताउनुभयो।

मुख्यमन्त्रीले राम्रो शासनको लागि एकीकृत सार्वजनिक सेवाहरू प्रदान गर्न १०० करोडको लागतमा १३ वटा लघु-सचिवालयहरू स्थापना गर्ने घोषणा पनि गर्नुभयो। उहाँले भन्नुभयो सबै सम्पत्तिहरूलाई भू-आधार अन्तर्गत एक विशिष्ट पहिचान संख्या प्रदान गरिनेछ , र राष्ट्रिय जेनेरिक कागजात दस्तावेज पंजीकरण प्रणाली (NGDRS) पोर्टल मार्फत भूमि अभिलेखहरू डिजिटलाइज गरिनेछ।

## संशो. दिल्ली - अंतरराष्ट्रीय फिल्मोत्सव

नयाँ दिल्लीमा आज देखि 31 मार्च सम्म पहिलो पल्ट अन्तर्राष्ट्रिय फिल्म महोत्सवको आयोजन भारत मण्डपममा सुरु भईरहेको छ। यसमा 47 देशका 140 भन्दा बढी फिल्महरू राजधानीका विभिन्न स्थानहरूमा प्रदर्शन गरिनेछ।यस फिल्म महोत्सवमा नि:शुल्क सार्वजनिक प्रदर्शन, चर्चा, कार्यशाला र सांस्कृतिक कार्यक्रमहरू आयोजित गरिनेछन्। यसमा भारतीय तथा अन्तर्राष्ट्रिय सिनेमाका कैयन प्रमुख हस्तिहरू उपस्थित हुने संभावना छ।

## खेलो इन्डिया जनजातीय खेल

छत्तीसगढमा आज पहिलो खेलो इन्डिया जनजातीय खेलहरू सुरु हुँदैछन्। यी खेलहरू ३ अप्रिल सम्म चल्नेछन्। एथलेटिक्स, हक्की, फुटबल, अर्चेरी , कुस्ती, भारत्तोलन र स्विमिंग सहित सात खेलहरूमा प्रतिस्पर्धा हुनेछन्। मल्लखम्ब र कबड्डीलाई प्रदर्शन खेलको रूपमा समावेश गरिएको छ।

खेलो इन्डिया जनजातीय खेलहरू छत्तीसगढका तीन शहरहरू: रायपुर, जगदल-पुर र अम्बिकापुरमा आयोजना हुनेछन्। रायपुरले फुटबल, हक्की, अर्चेरी, स्विमिंग, भारत्तोलन र कबड्डी आयोजना गर्नेछ। बस्तरले एथलेटिक्स प्रतियोगिता आयोजना गरिनेछ, जबकि सुर-गुजाले कुस्ती र मल्लखम्ब प्रतियोगिता आयोजना गर्नेछ।